दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

पर्यटन प्रवर्द्धन

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं, - स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं ।
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुयाऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौ ।

**पर्यटकं हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक २५३ | बुटवल | २०८३ असोज १२, गते सोमबार | नेपाल संवत ११४६ | Monday September 28, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

### ठाउँ-ठाउँमा बाढीको कहर :

# पहिरोले घर पुरिँदा ९ जनाको मृत्यु, बुटवलका ५ र पर्वतका ८० घर बगे

बाढीले सेतीवेणी क्षेत्रमा ५० घर डुबानमा परेका छन् भने तिनाउ नदी किनारमा रहेका बुटवलको सुकुम्वासी बस्तीका घरहरू बाढीले बगाउन र भत्काउन सक्ने जोखिम देखेर करिब एक हजार जनालाई बुटवलका विद्यालय, मन्दिरलगायतका सार्वजनिक ठाउँमा सारिएको छ ।





**लुम्बिनी संवाददाता**
*बुटवल*

लगातारको वर्षापछि पहिरोले घर पुरिँदा पाल्पा र बागलुङमा गरी ९ जनाको मृत्यु भएको छ । यस्तै तिनाउ नदीमा आएको बाढीले बुटवल उप-महानगरपालिका-११ टपमभ्रुवा क्षेत्रमा पाँच घर बगाएको छ । नदीको जलसतह सतर्कता तह पार गरेपछि जोखिमयुक्त क्षेत्रका करिब एक हजार जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

शनिबार राति करिब १२:४५ बजे आएको बाढीले सकिल मिया, नरेन्द्र दर्जी, अब्दुल अली, गफारदिन मिया र दुर्गादिन बानियाको घर बगाएको हो । बाढीले दुईवटा खाली घडेरीसमेत कटान गरेको छ । बुटवल उप-महानगरपालिकाका जनप्रतिनिधिको रोहवरमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयको सहयोगमा करिब एक हजार जनालाई जोखिमयुक्त बस्तीबाट हटाएर सुरक्षित स्थानमा सारिएको बुटवल ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले बताए । तिनाउ नदीको तटीय क्षेत्र र डुबान भइरहने होचा भूभागमा बसोबास गर्ने नागरिकलाई उच्च सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको छ ।

नदी किनारका स्थानीयले सम्भावित थप जोखिमलाई ध्यानमा राख्दै आफ्ना सामान सुरक्षित स्थानमा सारेका छन् । कालीगण्डकी नदीमा आएको बाढीले पर्वतको जलजला गाउँपालिका-८ स्थित फर्से बस्तीमा ८० घर बगाएको छ । बस्तीमा कालीगण्डकीको बाढी पस्दा ८० घर बगाएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले बताए ।

शनिबार रातिदेखि नै बाढी बस्तिमा पस्न सुरु भएपछि मानिसहरू सुरक्षित स्थानमा गएका थिए । मानवीय क्षतिबारे भने अहिलेसम्म केही जानकारी नआएको सशस्त्र प्रहरीले बताएको छ ।

अन्य घरहरू समेत उच्च जोखिममा रहेकोको भन्ने खबर प्राप्त हुन साथ सशस्त्र प्रहरी बल नेपाल नं. २५ चन्डिका गण पर्वत र नेपाल प्रहरीको संयुक्त टोलीले जिन्सी सर-सामान तथा सबै स्थानीयहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ । घटनाको विस्तृत विवरण आउन बाँकी छ भने बिजुली नभएको र फोन सम्पर्कमा समेत समस्या आएको छ ।

**सेतीवेणी क्षेत्रका ५० घर डुबानमा**

यसैबिच स्याङ्जाको कालीगण्डकी नदीमा आएको बाढीले स्याङ्जा र पर्वततर्फका सेतीवेणी क्षेत्रका ५० घर डुबानमा परेका छन् ।

चार दिनदेखि परेको अविरल वर्षापछि नदीमा पानीको बहाव बढ्दा पर्वतको बिहादी गाउँपालिका-६ तर्फका ३० र स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फका २० घर डुबानमा परेका हुन् । कालीगण्डकी नदीमा आएको बाढीले स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मी र गुल्मीको कालीगण्डकी गाउँपालिका-१ हर्मिचौर जोड्ने पक्की पुलसमेत बगाएको छ । नदीमा पानीको बहाव बढेपछि पुलमा क्षति पुगेको थियो । लगातारको वर्षाले पानीको सतह थप बढेपछि पुल पूर्णरूपमा बगेको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ । पुल बगेपछि स्याङ्जा र गुल्मीबिचको आवतजावत तथा यातायात सेवा प्रभावित भएको छ । स्थानीयका अनुसार कालीगण्डकी नदीमा पछिल्लो ३० वर्षयताकै ठूलो बाढी आएको हो ।

कालीगण्डकी 'ए' जलविद्युत् आयोजना निर्माण भएपछि यति ठूलो बाढी पहिलोपटक आएको आयोजनाले जनाएको छ । बागलुङ, म्याग्दीलगायतका जिल्लामा पनि लगातार वर्षा भइरहेकाले कालीगण्डकीमा पानीको बहाव अझै बढिरहेको स्थानीयले बताएका छन् । पानीको बहाव उच्च भएपछि स्याङ्जाको बेल्टारीमा सञ्चालित १४४ मेगावाट क्षमताको कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको विद्युत् उत्पादन शुक्रबार राति ८ बजेर ४५ मिनेटदेखि बन्द गरिएको छ । कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका प्रमुख आत्मेश पौडेलका अनुसार आयोजना सञ्चालनमा आएयता लामो समयसम्म विद्युत् उत्पादन बन्द गर्नुपर्ने अवस्था पहिलोपटक आएको हो ।

नदीमा पानीको बहाव उच्च भएपछि आयोजनाले मिर्मीस्थित बाँधका तीनवटै ढोका शुक्रबार रातिदेखि नै पूर्णरूपमा खोलेको जनाएको छ । यसैबिच जिल्लाका साना खोलानालामा समेत पानीको बहाव बढेपछि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले रिडी, राम्दी, मालुङ्गा र चापाकोट क्षेत्रका नदी तथा खोलाका तटीय क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ । प्रशासनले सम्भावित जोखिमबारे निरन्तर सूचना प्रवाह गर्नुका साथै माइकिङसमेत गरिरहेको जनाएको छ ।

**बागलुङमा एकै परिवारका चार जनाको मृत्यु**

बागलुङको निसीखोला गाउँपालिकामा पहिरोले एकै परिवारका चार जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसार निसीखोला गाउँपालिका- ३ मा पहिरोले घर पुरिँदा एकै परिवारका चार जनाको मृत्यु भएको हो । घरमाथिबाट अकस्मात खसेको पहिरोले घर पुरिँदा ३९ वर्षीया श्यामकुमारी विक, उनका छोराहरू १२ वर्षका मनोज विक, ९ वर्षका मुकेश विक र ५ वर्षका निसन विक रहेको प्रहरीले जनाएको छ ।

गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्तीमगरका अनुसार आइतबार बिहान ४/५ बजेको समयमा घरमाथिबाट खसेको पहिरोमा पुरिएर उनीहरूको मृत्यु भएको हो ।

## गैँडाकोटमा डेढसय र सुस्तामा तीन सय जना विस्थापित

**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

नारायणी नदीमा आएको बाढीका कारण नवलपुर र पश्चिम नवलपरासीका नारायणी नदी किनार आसपासका रहेको बस्तीहरु डुबानमा परेको छ । प्रहरीका अनुसार नवलपुरको गैँडाकोट नगरपालिकाको बोटेटोल, कावासोती १७ अमलटारी र पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाको सुस्ता डुबानमा परेको छ ।

यो क्षेत्र शनिबार बिहानैदेखि डुबानमा परेको हो । नारायणी नदीमा पानीको सतह खतराको तहमा पुगेसँगै यहाँ डुबान सुरु भएको थियो । नारायणी नदीमा आएको बाढीका कारण नवलपुरका गैँडाकोट नगरपालिका २ बोटे टोलका १८ घरका १ सय ४० जना विस्थापित भएको नवलपुर प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार डुबानमा परी विस्थापित भएको १ सय ४० जनालाई सुरक्षाकर्मीहरुको टोलीले उद्दार गरी आफन्तको घर सुरक्षित स्थानान्तरण गरिएको छ । नदीको बाढी बस्ती पस्ने जोखिम बढेपछि स्थानीयहरुलाई सुरक्षाकर्मीहरुले महत्वपूर्ण सामग्रीसहित सुरक्षित स्थानमा सरेका छन् ।

त्यसैगरी नवलपुरको कावासोती १७ अमलटारी पनि डुबानमा परेको छ । यहाँ नारायणी नदी किनारमा रहेका केही होटल र घरहरू डुबानमा परेपछि नवलपुर प्रहरीले स्थानीयको सहयोगमा उनीहरूलाई सुरक्षित स्थानमा सारेको हो । सुस्ताका थारू टोलामा बाढीका कारण विस्थापित भएकाहरू ३०० जना भन्दा बढीलाई विपद व्यवस्थापन भवनको आवास भवनमा सुरक्षित स्थानान्तरण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपक राज नेपालका अनुसार सुस्ताको थारु टोलामा रहेका सबै बासिन्दा, पशु चौपाया, लत्ताकपडा, खाद्यान्नसहित स्थानान्तरण गरिएको हो ।

» बाँकी ३ पेजमा

सोही वडाको एड्वेङमा जंगबहादुर खड्काको बाख्राको खोर पहिरोमा परेको छ । उनका अनुसार खोरमा २५ वटा बाख्रा रहेकोमा ८ वटालाई पहिरोले बगाएको छ ।

» बाँकी ३ पेजमा

### पूर्वप्रधानन्यायाधीश मध्यरात पक्राउ प्रकरण :

# मानवअधिकार आयोगद्वारा आपत्ति र खेद प्रकट



बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराबारे बुझ्न पुग्दा प्रहरीले गरेको व्यवहारप्रति आपत्ति जनाएको छ । आयोगका प्रवक्ता डा. टिकाराम पोखरेलले एक विज्ञप्ति जारी गर्दै टेकुस्थित अपराध अनुसन्धान कार्यालयमा अनुगमनका लागि पुग्दा रोक लगाइएको थियो ।

करिब ४५ मिनेटसम्म पनि गेटमै बसेर कुर्दा पनि पूर्वप्रधानन्यायाधीश जबरालाई भेट्न नपाएपछि आयोगको टोली फर्किएको थियो । सोबारे आपत्ति जनाउँदै आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'संवैधानिक तथा कानूनी अधिकार विपरीत नेपाल प्रहरीबाट गरिएको यस प्रकारको व्यवहारप्रति आयोग खेद प्रकट गर्दछ ।'

आफूहरूको संवैधानिक तथा कानूनी दायित्व पूरा गर्ने कार्यमा अवरोध सिर्जना गर्ने प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याउन पनि आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

'अतः निष्पक्ष छानबिन गरी संवैधानिक तथा कानुनी दायित्व पूरा गर्ने कार्यमा अवरोध सिर्जना गर्ने प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याउन र आयोगलाई प्राप्त संवैधानिक तथा कानूनी अधिकारको सम्मान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ । पूर्व प्रधानन्यायाधीश जबरालाई प्रहरीले पक्राउ गरेको घटनाप्रति अयोगले ध्यानाकर्षण पनि गराएको छ ।

नेपाली कांग्रेसले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको गिरफ्तारीबारे सरकारको आधिकारिक धारणा माग गरेको छ । साथै, सरकारले कानुनी आधार र औचित्य सार्वजनिक गर्नुपर्ने कांग्रेसको भनाइ छ । पार्टी प्रवक्ता देवराज चालिसेले वक्तव्य जारी गरी नेपाली काग्रेस संवैधानिक सर्वोच्चता, कानूनी शासन, नागरिक अधिकार तथा सबैका लागि कानूनको समान प्रयोगमा विश्वास राख्ने बताएका हुन् ।

'पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेरको गिरफ्तारीका सम्बन्धमा सरकारी अधिकारीहरूबाटै परस्पर विरोधी धारणा सार्वजानिक हुनु गम्भीर चिन्ताको विषय हो । गिरफ्तारी कानून सम्मत, आवश्यक र उचित थियो भने सरकारले त्यसको स्पष्ट कानूनी आधार र औचित्य सार्वजानिक गर्न सक्नुपर्छ ।'- वक्तव्यमा भनिएको छ ।

कुनै विशेष सुरक्षा चुनौतीबिच अनुसन्धानको आवश्यकता वा अन्य असाधारण परिस्थितिका कारण यस्तो कदम चालिएको हो भने त्यसको विश्वसनीय आधार राज्यले स्पष्ट गर्नुपर्ने कांग्रेसको धारणा छ । कांग्रेस अपराधको अनुसन्धान र कानूनको कार्यान्वयनको विपक्षमा नभएको तर कानून कार्यान्वयनको नाममा अस्पष्ट र अन्यौलपूर्ण कानूनी प्रकृया देखिएको अवस्थालाई स्विकार गर्न नसकिने उल्लेख गरेको छ ।

'कानुनको शासन भनेको राज्यले कानुन प्रयोग गर्नु मात्र होइन, राज्यका सबै निकायहरू स्वयं पनि संविधान र कानूनको सीमा भित्र रहनु पर्दछ । यस सम्वन्धमा हामी स्पष्ट छौं,' प्रवक्ता चालिसे भन्छन्-'कसैले कानूनको उलंघन गरेको छ भने निष्पक्ष अनुसन्धान होस, प्रमाणका आधारमा कारबाही होस् र दोषी ठहरिए कानून बमोजिम सजाय होस् । तर गिरफ्तारी स्वयं दोषको प्रमाण हुँदैन ।' राज्यसँग हुने शक्तिको प्रयोग अझ बढी पारदर्शी, न्यायोचित र जवाफदेही हुनुपर्ने कांग्रेसले जनाएको छ ।

यस्तै पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई प्रहरीले महाराजगञ्जस्थित निवासबाट मध्यराति बिना कुनै प्रमाण पक्राउ गरेकोमा नेकपा एमालेका महासचिव शंकर पोखरेलले आपत्ति जनाएका छन् । पोखरेलले जबराको पक्राउ नेपालको प्रचलित कानून र न्याय प्रणालीको गम्भीर उल्लंघन भएको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा लेख्दै पोखरेलले यस्तो कार्य संविधान, लोकतान्त्रिक व्यवस्था र विधिको शासनको मर्मविपरीत भएको उल्लेख गर्दै गलत र स्वेच्छाचारी कार्यलाई समर्थन गर्नु तानाशाही प्रवृत्तिलाई प्रश्रय दिनु भएको टिप्पणी गरेका छन् । पोखरेलले सबैलाई गलत कामको खबरदारी गर्नसमेत आग्रह गरेका छन् ।

पूर्वप्रधानन्यायाधीश जबरालाई शनिबार राति काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले महाराजगञ्जस्थित निवासबाट पक्राउ गरेको हो । हालसम्म प्रहरीले उनलाई कुन कसुरमा पक्राउ गरिएको हो भन्ने विस्तृत विवरण सार्वजनिक गरेको छैन ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई प्रहरीले छाडेको छ । पक्राउ पुर्जिबिनै मध्यरातमा घरबाट गिरफ्तार गरिएका राणालाई पक्राउ गर्नुको कारण नै नखुलाई छाडिएको हो । प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयको ठाडो आदेशमा राणालाई पक्राउ गरिएको स्रोतको भनाइ छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रामेश्वर कार्कीका अनुसार उनलाई परिवारको जिम्मामा घर पठाइएको हो ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# सरकारको गैरकानुनी कदम

नेपाल प्रहरीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई शनिबार राति ३ बजे घरबाट पक्राउ गर्नु निन्दनीय कदम हो । पक्राउ गर्दा कुनै कारण खुलाइएन्, उनलाई प्रहरीले सुरक्षा थ्रेट भन्यो । सुरक्षा थ्रेट भएको व्यक्तिलाई आइतबार दिउँसो घरमै लगेर छाडिएको छ । पूर्व प्रधानन्यायाधीश जस्तो व्यक्तिलाई पर्याप्त प्रमाणबिना पक्राउ गर्नु बालेन्द्र साह सरकारको मनपरी, स्वच्छाचारिता र अलोकतान्त्रिक क्रियाकलाप हो । यो विधिको शासन र कानुनी सर्वोच्चताको चरम उल्लंघन हो ।

सुरक्षा थ्रेट बताउने प्रहरीले  पूर्व प्रधानन्यायाधीशलाई घरमै सुरक्षा दिने हो, नियन्त्रणमा लिने काम अमर्यादित र जंगलीराज हो । जेनजीका नाममा कसैले धम्क्याउँदैमा पूर्वप्रधानन्यायाधीशलाई राति ३ बजे घरबाट उठाउने कुरा पत्यार लाग्ने विषय होइन् । सरकारले यसबारेमा प्रष्ट र पारदर्शी जवाफ दिन सक्नुपर्छ । प्रधानन्यायाधीशलाई सुरक्षा थ्रेट भएको भन्दैमा प्रहरीले नियन्त्रणमा लियो भने आम नागरिकले सरकारबाट सुरक्षाको अनुभूति कसरी गर्ने ? प्रहरीले सुरक्षा थ्रेट भएको विषय मध्यरातमा कसरी थाहा पायो ? जबराले प्रहरीलाई जानकारी गराएका थिए कि प्रहरी अनुसन्धानले देखायो ? यी प्रश्न सधैँ अनुत्तरित हुँदैनन् । सुरक्षा थ्रेट भएकोलाई नियन्त्रणमा लिने सरकारले सुरक्षा थ्रेट दिनेलाई किन नियन्त्रणमा लिन सकेन् ? यो प्रश्नबाट सरकारले उन्मुक्ति पाउँदैन् ।

कुनै पनि नागरिकलाई राज्यले चाहेको बेला पक्राउ गर्न सक्छ, अनुसन्धान गर्न सक्छन्, अनुसन्धानबाट प्रमाणका आधारमा अभियोग दाबी गरी मुद्दा दायर गर्न सक्छ । यी काम पनि विधि र प्रक्रियाका आधारमा हुन्छन् । राज्यले यी काम गर्न पनि सीमा तोकिएको छ । सरकारको विरोध गर्ने र सरकारले विरोधी ठान्ने सबैलाई जुनसुकै बेला पक्राउ गर्ने अधिकार राज्यलाई छैन । राज्यलाई संविधान र कानुनले अधिकार दिएको छ, ती अधिकारको सीमा छन्, राज्यले अधिकारको प्रयोग गर्दा कर्तव्य पनि ख्याल गर्नुपर्छ । पूर्वप्रधानन्यायाधीश जबरालाई बिना कारण मध्यराज नियन्त्रणमा लिएर सरकारको स्वच्छाचारिता र मनपरी मौलाएको प्रष्ट भएको छ । सरकारले चाहे जुनसुकै बेला जोसुकैलाई नियन्त्रणमा लिनसक्ने सन्देश दिएर समाजलाई त्रास र भयमा राख्न खोजेको छ । तर समाज त्रास र भयमा सधैँ बाँच्दैन्, आक्रोशको आगो समाजले ओकल्दा अन्ततः सरकार नै संकटमा पर्छ ।

राणाले सरकारको विरोध गरेको र सरकार विरोधी क्रियाकलापलाई बल पुऱ्याउने रणनीति बनाएको भन्ने सरकारी निकायका उच्च व्यक्तिहरुको भनाइलाई आधार मान्ने हो भने लोकतन्त्रमा सरकार विरोधी गतिविधि गर्न छुट हुन्छ । विरोध गर्न पाइन्छ, सरकार विरोधी रणनीति बनाउन पाइन्छ । लोकतान्त्रिक प्रणालीमा निर्वाचनमार्फत् आएको सरकारले गर्ने यस्ता निन्दनीय कदमले शासन सत्तामा बस्नेहरुको आयु त छोट्याउँछन् नै, प्रणालीलाई समेत कमजोर बनाउँछ ।

# विपद् व्यवस्थापनमा नयाँ सोचको आवश्यकता



**कमलसिंह बम**

हालै भोटेकोसी नदी प्रणालीमा आएको भीषण बाढी र त्यसले निम्त्याएको मानवीय तथा भौतिक क्षतिले नेपाललाई पुनः एकपटक ठूलो प्राकृतिक विपत्तिको कठघरामा उभ्याइदिएको छ । यस दुःखद घटनालाई कतिपय क्षेत्रमा 'हिमालयन सुनामी' का रूपमा व्याख्या गर्दै अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्याय र क्षतिपूर्तिको बहसमा जोड दिने तयारी भइरहेको छ । निश्चय नै, विश्वव्यापी मञ्चहरूमा नेपालजस्ता अति कम विकसित र हिमाली मुलुकहरूले भोग्नुपरेको जलवायु परिवर्तनको असमान जोखिमबारे आवाज उठाउनु हाम्रो कूटनीतिक दायित्व हो । तर, अन्तर्राष्ट्रिय लबिइङ र नीतिगत बहसहरू चलिरहँदा हामीले देशभित्रको धरातलीय यथार्थ, स्थानीय नागरिकको भोगाइ र हाम्रा सुरक्षा निकायको अग्रपङ्क्तिमा हुने मानवीय सुरक्षालाई पनि उत्तिकै गम्भीरताका साथ मन्थन गर्नुपर्ने बेला आएको छ ।

भोटेकोसीको यो प्रलय केवल एउटा मौसमी बाढी मात्र होइन, यो त बदलिँदो हिमाली पर्यावरणले हाम्रा परम्परागत विपद् व्यवस्थापन प्रणाली, विकासका मोडल र समग्र राष्ट्रिय विकास दृष्टिकोणलाई नयाँ ढङ्गले पुनरावलोकन गर्न दिएको स्पष्ट सङ्केत हो । अब हामीले विपद्पछिको उद्धार र क्षतिको हिसाब निकाल्ने पुरानो शैलीबाट माथि उठेर, स्थानीय तहको सुशासन, वैज्ञानिक जोखिम आँकलन र प्राकृतिक प्रकोप सहन सक्ने दिगो विकासमा आधारित नयाँ व्यवस्थापकीय सोच अगाडि बढाउन ढिलाइ भइसकेको छ ।

**पर्माफ्रोस्टको संकट र नयाँ भौगर्भिक यथार्थ**

जलवायु विज्ञानका पछिल्ला अध्ययनहरूले पृथ्वीको तापक्रम बढ्दै जाँदा हिमाली क्षेत्रमा परम्परागतभन्दा फरक र जटिल प्रकृतिका विपत्ति देखिन थालेको पुष्टि गरेका छन् । जलवायु नीति विज्ञ मञ्जित ढकाल र विभिन्न जलवायु प्रतिवेदनअनुसार, विगत केही दशकमा लाङटाङ भ्यालीको ७८ वर्गकिलोमिटर क्षेत्रमा र समग्र उच्च हिमाली क्षेत्रमा हिमनदीको बरफ गुम्ने दर करिब ६५ प्रतिशतले बढेको देखिन्छ । पहिले हामी हिमताल विष्फोट (जीएलओएफ) मा मात्र केन्द्रित थियौँ, तर अहिले ५ हजार मिटरभन्दा माथिको जमिनलाई ठोस राख्ने 'पर्माफ्रोस्ट' (फ्रोजन ग्राउन्ड) पग्लिँदा हिमालका ठूला अंश र चट्टान चोइटिएर खस्न थालेका छन् ।

यसपालि भोटेकोसीमा पानी नपरी टन्टलापुर घाम लागेको अवस्थामा आएको एक्कासि बाढी हिमालको ढिक्कै सरेर आएको 'क्यास्केडिङ हाजार्ड' (शृंखलाबद्ध जोखिम) थियो । रसुवाको माथिल्लो भागमा राखिएको स्वचालित संयन्त्रले बहाव सामान्य देखाउँदा देखाउँदै १० मिनेटभित्रै सम्पूर्ण प्रणाली बगाएर लैजानुले हाम्रो पूर्वानुमान प्रणाली परिमार्जन गर्नुपर्ने देखाउँछ । सन् २०२१ मा भारतको उत्तराखण्डस्थित चमोलीमा पनि यस्तै नीलो आकाशमुनि भयानक प्रलय आएको थियो ।

उट्रेक्ट विश्वविद्यालयका जलवायु विज्ञ तेन्जिङ चोग्याल शेर्पाका अनुसार, हिमनदी तीव्र रूपमा पग्लिँदा साना हिमतालहरू आपसमा मिसिएर ठूला हुँदै छन् । यी माथि हिमालमा टिकिरहेका 'टाइम बम' जस्तै हुन्, जसमा हिमपहिरो वा ढुङ्गा खस्दा सुनामीजस्तो छाल उत्पन्न भई तल्लो तटीय क्षेत्रमा आकस्मिक सङ्कट निम्त्याउन सक्छ । तर नेपालको जोखिम यत्तिमै सीमित छैन । नेपाल अत्यन्त सक्रिय भूकम्पीय क्षेत्रमा रहेकाले भूगर्भीय प्लेटहरूको निरन्तर हलचलले भूकम्पको जोखिम पनि कायम राख्छ । त्यसैले नयाँ हिमाली तथा भूकम्पीय जोखिमलाई समेटेर वातावरणीय तथा भौगर्भिक प्रभाव मूल्याङ्कन (ईआईए) लाई विपद् व्यवस्थापनको पहिलो चरणका रूपमा गम्भीरतापूर्वक लिनुपर्छ ।

**सामाजिक-आर्थिक र सांस्कृतिक प्रभाव**

विपद् व्यवस्थापनको नीति बनाउँदा स्थानीय नागरिकले भोगेको सामाजिक, आर्थिक र मानवीय आघातलाई बिर्सन मिल्दैन । थामे र भोटेकोसीको बाढीले घर-बस्ती मात्र होइन, कतिपय परिवारको थातथलो र जमिन नै बगायो । आफन्त गुमाएका र भग्नावशेषमा शवसमेत नभेटिएपछि कुशको प्रतीक बनाएर काजक्रिया गर्न बाध्य परिवारको पीडा कुनै राहतले पूर्ति गर्न सक्दैन । अस्थायी शिविरमा रहेका महिला, बालबालिका र ज्येष्ठ नागरिकका संवेदनशील आवश्यकतालाई पनि राज्यको विपद् नीतिले सम्बोधन गर्नुपर्छ ।

जलवायु परिवर्तनले कृषि, पर्यटन र जलविद्युत्जस्ता स्थानीय अर्थतन्त्रका आधारलाई समेत प्रभावित पारिरहेको छ । हिमनदी तीव्र रूपमा पग्लिँदा अहिले नदीमा अत्यधिक पानी आउने अवस्था देखिए पनि दीर्घकालमा हिमभण्डार घट्दै जाँदा 'धेरै पानी र थोरै पानी'को दोहोरो जोखिम बढ्न सक्छ । लामो मनसुन, असामयिक हिमपात र मौसमजन्य अवरोधले हिमाली पर्यटनमा पनि दबाब थपेको छ । यसको असर जैविक र सांस्कृतिक जीवनमा समेत देखिन थालेको छ ।

ब्रिटिस कोलम्बिया विश्वविद्यालयका सहायक प्राध्यापक डा. पासाङ याङ्जी शेर्पाका अनुसार, तापक्रम बढेसँगै तल्लो क्षेत्रका वन्यजन्तु र रोग माथितिर सर्न थालेका छन्, उच्च हिमाली क्षेत्रमा बाँदर र स्यालको समस्या बढ्नु तथा याकमा नयाँ रोग देखिनु यसको उदाहरण हो । पुस्तौँदेखि हिमाली प्रकृतिसँग सामञ्जस्य कायम गर्दै आएका समुदायको परम्परागत ज्ञान र सांस्कृतिक मूल्य पनि यही परिवर्तनसँगै जोखिममा छन् । त्यसैले हिमाली समुदायको प्रकृतिसँगको सम्बन्ध र परम्परागत ज्ञानलाई संरक्षण गर्दै जलवायु अनुकूलनका रणनीति अघि बढाउनु विपद् व्यवस्थापनकै अभिन्न हिस्सा बन्नुपर्छ ।

**सुरक्षा निकायको आधुनिकीकरण र वैज्ञानिक परिचालन**

यसपटकको भोटेकोसी विपत्ति र विगतका हरेक महाविपत्तिमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सीमित स्रोत-साधन र प्रविधिका बाबजुद ज्यानकै बाजी थापेर हजारौँ नागरिकको प्राण रक्षा गर्दै अतुलनीय साहस देखाएका छन् । तर, 'हिमालयन सुनामी' जस्ता नयाँ र जटिल प्रकृतिका विपद्सँग जुध्न केवल तदर्थ वीरता र साहस पर्याप्त हुँदैन ।

सन् २०२३ मा भारतको सिक्किममा लोनाक ताल फुट्दा आएको बाढीले टिष्टा नदी करिडोरका गाउँ-बस्ती मात्र होइन, त्यहाँ तैनाथ सेनाका संरचना र सुरक्षाकर्मीलाई समेत बगाएको घटनाले सुरक्षा निकाय आफैँ पनि यस्ता विपद्को उच्च जोखिममा रहेको देखाउँछ । त्यसैले अब सुरक्षाकर्मीको साहससँगै उनीहरूको प्राविधिक क्षमता र पूर्वतयारीलाई संस्थागत रूपमा सुदृढ गर्नुपर्छ । प्रादेशिक तथा स्थानीय कमान्ड तहमा स्याटेलाइट सञ्चार उपकरण, लेदो र भग्नावशेषभित्र खोजी तथा उद्धार गर्न सकिने उपकरण चौबीसै घण्टा तयारी अवस्थामा राखिनुपर्छ । सुरक्षा निकायको यस्तो आधुनिकीकरण र योजनाबद्ध परिचालन नै विपद्मा प्रभावकारी उद्धार तथा मानवीय सुरक्षाको पहिलो सर्त हुनुपर्छ ।

यही सन्दर्भमा राष्ट्रिय 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण' (एनडीआरआरएमए) को नेतृत्व, तयारीको स्तर र परिचालन संरचनालाई पनि गम्भीर रूपमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यति धेरै विपद् भोगिसकेको देशमा पनि प्रारम्भिक नेतृत्व, प्रभावकारी समन्वय र पर्याप्त पूर्वतयारीमा देखिने कमजोरी दोहोरिनु संस्थागत सिकाइ कमजोर रहेको संकेत हो । अब प्राधिकरणको सम्पूर्ण कार्यसञ्चालन दृष्टिकोणलाई पुनर्विचार गर्दै पूर्वतयारी, स्पष्ट कमान्ड, द्रुत निर्णय र एकीकृत समन्वयमा आधारित प्रणाली विकास गर्नुपर्छ । सुरक्षा निकाय भने आफ्नै प्रकृतिको कार्यक्षेत्रअनुसार विपद् व्यवस्थापनका लागि निरन्तर तालिम, उपकरण, पूर्वतयारी र विशेषीकृत क्षमता निर्माण गर्न स्वतन्त्र रूपमा सक्षम हुनुपर्छ । उनीहरूको दक्षता र विगतको अनुभवलाई संस्थागत गर्दै प्रतिक्रिया मात्र होइन, जोखिम न्यूनीकरण, खोज तथा उद्धार र पुनःस्थापनासम्मको समग्र विपद् व्यवस्थापनमा योजनाबद्ध रूपमा प्रयोग गर्नुपर्छ ।

**संस्थागत स्मृति र दीर्घकालीन पूर्वाधार नीति**

हाम्रा सरकारहरूको विपद् व्यवस्थापनमा देखिएको एउटा मुख्य कमजोरी 'संस्थागत स्मृति' को अभाव हुनु हो । सन् २००९ मा कालापत्थरको मन्त्रिपरिषद् बैठकदेखि सन् २०२५ को 'सागरमाथा संवाद' सम्म आइपुग्दा हाम्रा प्रचारमुखी कामहरू राष्ट्रिय नीति र स्थानीय विकासको मोडलमा पूर्ण रूपमा रूपान्तरित हुन सकेनन् । खोलाको बहाव विगतमा कति थियो भनेर हेर्ने र बाढीले बगाएपछि फेरि त्यही ठाउँमा उस्तै संरचना दोहोऱ्याउने परिपाटी अब बन्द हुनुपर्छ ।

सिक्किमको टिष्टा नदीमा १२ सय मेगावाटको जलविद्युत् परियोजना एकैपटक बगाएको र नेपालको त्रिशूली कोरिडोरका आयोजनाहरू ध्वस्त भएको घटनाले के देखाउँछ भने- न निजी क्षेत्र, न दातृ बैंक, न सरकार, कसैसँग पनि जनता र परियोजनालाई जोगाउने पर्याप्त पूर्वतयारी रहेनछ । अब पृथ्वीको तापमान वृद्धि भइरहँदा आउने आकस्मिक विपद्लाई आँकलन गरेर मात्रै पूर्वाधारको डिजाइन गरिनुपर्छ । विकास र वातावरणीय सुरक्षा अब एक-अर्काका विरोधी होइनन् ।

**अन्तर्राष्ट्रिय कूटनीति : सहायता होइन, जवाफदेहिता**

नेपालले विश्व समुदायसँग कुरा गर्दा दया वा कृपाको याचक बन्नुहुँदैन । यो केवल सहायता प्राप्त गर्ने विषय होइन, ऐतिहासिक जिम्मेवारी, न्याय र जवाफदेहिताको प्रश्न हो । सन् १९७२ मा स्थापित 'पोल्यूटर पेएज प्रिन्सिपल' (प्रदूषकले तिर्नुपर्ने सिद्धान्त) को मूल दर्शन नै प्रदूषण वा वातावरणीय क्षति गर्नेले त्यसको नियन्त्रण, क्षतिपूर्ति र पुनर्स्थापनाको लागत व्यहोर्नुपर्छ भन्ने हो । यही न्यायको आधारमा हेर्दा, अत्यधिक हरितगृह ग्यास उत्सर्जन गर्ने राष्ट्रहरूले सिर्जना गरेको संकटको असमान भार नेपालजस्ता न्यून उत्सर्जन गर्ने मुलुकले व्यहोर्नु न्यायोचित हुँदैन ।

सन् २०२४ को तथ्याङ्कअनुसार नेपालले ५८.८ मिलियन टन अर्थात् विश्वको कुल हरितगृह ग्यास उत्सर्जनको करिब ०.१ प्रतिशत मात्र उत्सर्जन गरेको छ । सङ्कट सिर्जना गर्न नेपालको योगदान नगण्य भए पनि यसको कठोर मूल्य हाम्रा हिमाल, नदी, बस्ती, पूर्वाधार र नागरिकले भोगिरहेका छन् । त्यसैले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफूलाई 'सहायताको याचक' होइन, जलवायु न्याय, क्षतिपूर्ति र साझा तर विभेदित दायित्वको हकदारका रूपमा प्रस्तुत गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय जलवायु वित्तले ऋण होइन, पर्याप्त र सहज पहुँचयोग्य अनुदानलाई प्राथमिकता दिनुपर्छ । पीडित देशलाई नै ऋणको भार बोकाएर उद्धार गर्नु न्यायसङ्गत हुँदैन । पाकिस्तानले सन् २०२२ को विनाशकारी बाढीपछि ४० अर्ब डलरको आवश्यकतामध्ये नौ ९ डलर मात्र प्राप्त गरेको दृष्टान्तले अन्तर्राष्ट्रिय कोषको सीमितता देखाउँछ । त्यसैले बाह्य सहयोगसँगै आन्तरिक सुशासन, पूर्वतयारी र क्षमता अभिवृद्धिलाई प्राथमिकता दिनु नै बुद्धिमानी हुनेछ ।

**राष्ट्रिय सुरक्षाको नयाँ दृष्टिकोण र क्षेत्रीय सहकार्य**

हामीले राष्ट्रिय सुरक्षालाई वर्षौंदेखि सीमापारिबाट आउने हतियारधारी शत्रु र बन्दुकको लडाइँका रूपमा मात्र बुझ्यौँ । तर, भोटेकोसी र थामेको प्रलयले यो परम्परागत परिभाषालाई कडा चुनौती दिएको छ । प्रा. महेन्द्र पी. लामाले औँल्याउनुभएझैँ, यस्ता प्राकृतिक प्रकोपले राजनीतिक सीमा चिन्दैनन् । जब शत्रु (विपद्) ले सीमा नै मान्दैन, तब राज्यका पुराना बन्दुक, परम्परागत सैन्य एकाइ र स्थापित मन्त्रालयहरू कमजोर साबित हुन्छन् । अब परम्परागत सैनिक चुनौतीभन्दा जलवायु परिवर्तनका यी गैरपरम्परागत सुरक्षा चुनौतीहरू झन् भयानक भएर आउने निश्चित छ ।

यस्तो अवस्थामा समग्र उच्च हिमाली क्षेत्र र तिब्बत पठारमा हुने कुनै पनि भौगर्भिक वा वातावरणीय हलचलले सीधै नेपाललाई प्रभावित पार्छ । नेपालका नदीहरूले भारतको उत्तरपूर्वी क्षेत्र र विहारलाई अनि त्यहाँबाट बङ्गलादेशसम्मको विशाल भूभागलाई असर गर्छन् । त्यसैले, नेपालले अब सक्रिय पहलकदमी लिएर सीमा विवाद वा पुरानो सैन्य रणनीतिक सोचभन्दा बाहिर उठी 'हिमालय क्षेत्रको पर्यावरणीय सुरक्षा र सीमापार वास्तविक समयको तथ्याङ्क आदानप्रदान' का लागि कम्तीमा चीन, भारत र भुटानलाई एउटै टेबलमा ल्याउने नयाँ कूटनीतिक कमान्ड सम्हाल्नु आवश्यक देखिन्छ ।

**स्थानीय सरकारको सबलीकरण**

विपद् व्यवस्थापनमा नयाँ सोचको वास्तविक प्रस्थानविन्दु स्थानीय सरकारको सबलीकरणबाट मात्र सम्भव छ । केन्द्रको राजधानीबाट मात्र विपद् व्यवस्थापन प्राधिकरण सञ्चालन गरेर अब पुग्दैन, किनभने पहिलो आघात पनि स्थानीय नागरिकले बेहोर्छन् र जोगाउने पहिलो शक्ति पनि स्थानीय तह नै हो । केन्द्र सरकारले हरेक विपत्ति पछि नीतिगत रूपमा अलमलिने तदर्थ परिपाटीलाई छोडेर स्थानीय तहलाई स्रोत, प्रविधि र अधिकारले सम्पन्न बनाउनुपर्छ ।

अब देशका प्रत्येक पालिकामा राजनीतिक नक्सा मात्र होइन, 'भौगोलिक जोखिमको नक्सा' अनिवार्य गरिनुपर्छ । कुन ठाउँमा बस्ती स्थापित गर्ने, जलविद्युत् आयोजना कहाँ निर्माण गर्ने र नदीलाई प्राकृतिक रूपमा बग्न कति ठाउँ छोड्ने भन्ने निर्णय स्थानीय तहकै नेतृत्वमा वैज्ञानिक अध्ययनका आधारमा गरिनुपर्छ । केन्द्र सरकारको काम कूटनीतिक लबिइङ गर्ने, इसिमोड वा विश्वविद्यालयहरूले उत्पादन गरेको प्राविधिक ज्ञानलाई गोठाला र सामान्य नागरिकले बुझ्ने साधारण ज्ञानमा रूपान्तरण गरिदिने अनि सुरक्षा निकायका लागि आधुनिक साधन जुटाइदिने हुनुपर्छ । धरातल व्यवस्थापनको कमान्ड भने स्थानीय सरकारको हातमा सुम्पिनु नै आजको नयाँ सोंचको वास्तविक आवश्यकता र जलवायु न्यायको स्थानीय रूप हो ।

अन्त्यमा, भोटेकोसीको प्रलयले स्पष्ट पारिसकेको छ कि प्रकृतिले न राजनीतिक सीमा चिन्छ, न त यो हाम्रो नियन्त्रणमा नै छ । यस अवस्थामा सहायताको याचक बन्नुभन्दा प्रदूषकले तिर्नुपर्ने सिद्धान्तका आधारमा विश्वसामु जवाफदेहिता खोज्नु र देशभित्र आन्तरिक सुशासन सुदृढ गर्नु हाम्रो बुद्धिमानी हुनेछ । साथै, अबको राष्ट्रिय विकास मोडल पनि प्राकृतिक जोखिम सहन सक्ने, वातावरणीय रूपमा दिगो र बदलिँदो जलवायु तथा भौगर्भिक अवस्थासँग अनुकूल हुनसक्ने बनाउनुपर्छ । भाषणबाट शासन, तदर्थ वीरताबाट वैज्ञानिक प्रणाली र जोखिम बढाउने विकासबाट सुरक्षित तथा दिगो विकासतर्फको यो रूपान्तरण नै बदलिँदो हिमाली पर्यावरणको युगमा नेपालको विपद् व्यवस्थापनको नयाँ र निर्विकल्प प्रस्थानविन्दु हो । समाचारपत्रबाट

# बालबालिकामा हुने मोटोपनः कारण र रोकथाम

**डा. रामसुफल राम**

बालबालिकामा हुने मोटोपन आज विश्वभरि नै तीव्र रूपमा बढ्दै गएको एक गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो । विश्व स्वास्थ्य संगठनका अनुसार बालबालिकामा मोटोपनको दर पछिल्ला दशकहरूमा तीव्र रूपमा बढिरहेको छ । विशेष गरी शहरीकरण, अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी तथा डिजिटल उपकरणहरूको अत्यधिक प्रयोगका कारण यो समस्या झन् बढ्दै गएको छ ।

बालबालिकामा हुने मोटोपन भनेको बालबालिकाको शरीरमा उमेर र उचाइको आवश्यकताभन्दा बढी बोसो जम्मा हुने अवस्था हो । यो केवल बाहिरी रूपमा बच्चा 'मोटो देखिनु' मात्र होइन, भविष्यमा विभिन्न स्वास्थ्य समस्याको जोखिम बढाउने दीर्घकालीन स्वास्थ्य समस्या हो ।

बाल्यकालमा मोटोपन भएका बच्चाहरूमा उच्च रक्तचाप, मधुमेह, रगतमा बोसोको असन्तुलन, कलेजोमा बोसो जम्ने समस्या, मुटु तथा रक्तनली सम्बन्धित रोगहरू, निद्रासम्बन्धी समस्या, जोर्नी तथा हाडसम्बन्धी समस्या र मानसिक तथा सामाजिक समस्याहरू देखिन सक्छन् । बाल्यकालमा मोटोपन भएका बच्चाहरूपछि वयस्क अवस्थामा पनि मोटोपन हुने सम्भावना बढी हुन्छ ।

बालबालिकाको तौल र उचाइको आधारमा निकालिने बडी मास इन्डेक्स (बीएमआई) को उमेर र लिङ्गअनुसारको मापनले मोटोपन निर्धारण गर्न मद्दत गर्छ ।

बीएमआई उमेरअनुसार ८५औँ देखि ९५औँ प्रतिशतक बीच भएमा अधिक तौल र बीएमआई ९५औँ प्रतिशतक वा सोभन्दा माथि भएमा मोटोपन मानिन्छ ।

सामान्यतया, क्यालोरी सेवन धेरै र ऊर्जा खर्च कम हुँदा शरीरमा अतिरिक्त ऊर्जा बोसोको रूपमा जम्मा भई मोटोपन हुने भए पनि यसका धेरै कारणहरू छन् ।

आनुवंशिक कारणः परिवारमा अभिभावक वा अन्य सदस्यमा मोटोपन भए बच्चामा पनि मोटोपन हुने सम्भावना बढ्न सक्छ ।

खानपानः जोखिम बढाउने खानेकुराको अत्यधिक सेवन, जस्तै- चिनी भएका पेय, मिठाई, फास्टफुड, तारेका/भुटेका खाना, अत्यधिक बोसोयुक्त खाना र अत्यधिक प्रशोधित खाद्यपदार्थ ।  शारीरिक गतिविधिको कमीः खेल्ने, दौडने, हिँड्ने तथा अन्य शारीरिक गतिविधि कम हुँदा ऊर्जा खर्च घट्छ ।

धेरै स्क्रिन समयः टिभी, मोबाइल, कम्प्युटर र भिडियो गेममा धेरै समय बिताउँदा शारीरिक गतिविधि घट्न सक्छ र अस्वस्थ खाजा/नास्ता खाने सम्भावना बढ्न सक्छ ।

निद्राको कमीः तनाव, चिन्ता, एक्लोपन तथा भावनात्मक समस्याहरू ।

वातावरणीय कारणः घर, विद्यालय तथा समुदायमा स्वस्थ खाना र खेलकुदको अवसर उपलब्ध नहुनु ।

हर्मोन तथा स्वास्थ्यसम्बन्धी कारणः जस्तै- हाइपोथाइराइडिज्म, कुशिङ सिन्ड्रोम तथा अन्य हर्मोनसम्बन्धी रोगहरूले पनि मोटोपन निम्त्याउन सक्छ ।

औषधिको प्रयोगः केही औषधिको प्रयोगका कारण पनि मोटोपन हुन सक्छ । यसमा विशेषगरी ग्लुकोकोर्टिकोइड, एन्टिसाइकोटिक औषधिहरू तथा एन्टिएपिलेप्टिक औषधिहरू पर्छन् ।

प्रारम्भिक अवस्थामा मोटोपन आफैँमा कुनै रोगको लक्षण नदेखिन सक्छ, तर निम्न संकेतहरू देखिन सक्छन्ः

उमेरअनुसार अत्यधिक तौल बढ्नु
पेट तथा कम्मरमा बोसो बढ्नु
सामान्य गतिविधिमा पनि छिटो थकान हुनु
दौड्दा वा खेल्दा सास फेर्न गाह्रो हुनु
धेरै पसिना आउनु
घुर्ने बानी हुनु
निद्रामा समस्या हुनु
आत्मविश्वास घट्नु

बालबालिकामा हुने मोटोपनको रोकथामः

सन्तुलित आहारः बच्चाको खानपान व्यवस्थापनमा ट्राफिक लाइट डाइटको अवधारणा प्रयोग गर्न सकिन्छ ।

हरियोः असीमित (जति चाहियो त्यति) खान मिल्ने, जस्तै- फलफूल, तरकारी; जुन कम क्यालोरीयुक्त, उच्च फाइबरयुक्त, कम बोसोयुक्त तथा पोषक तत्वले परिपूर्ण हुन्छ ।

पहेँलोः सीमित मात्रामा खान मिल्ने, जस्तै- कम बोसोयुक्त मासु, दुग्धजन्य पदार्थ, स्टार्चयुक्त खाना तथा अन्न ।

रातोः कहिलेकाहीँ मात्र सेवन गर्ने वा सकेसम्म नखाने, जस्तै- बोसोयुक्त मासु, चिनी, चिनी मिसिएका पेयपदार्थ, तारेका/भुटेका खाना र जंकफुड ।

खानपानमा सचेत हुने भन्नाले बच्चालाई भोकै राख्नु वा खाना अत्यधिक घटाउनु होइन । बच्चा बढिरहेको हुन्छ, त्यसैले उसको उमेर, वृद्धि र विकासअनुसार पर्याप्त पोषण तथा क्यालोरी आवश्यक हुन्छ ।

नियमित शारीरिक गतिविधिः विश्व स्वास्थ्य संगठनअनुसार ६-१७ वर्षका बालबालिकाले दैनिक कम्तीमा ६० मिनेट मध्यमदेखि तीव्र शारीरिक गतिविधि गर्नुपर्छ ।

स्क्रिन समय नियन्त्रणः मोबाइल, टिभी, भिडियो गेमको समय उमेरअनुसार सीमित गर्नुपर्छ । स्क्रिनको सट्टा बाहिरी खेललाई प्राथमिकता दिनुपर्छ ।

पर्याप्त निद्राः उमेरअनुसारको पर्याप्त निद्रा हुनुपर्छ ।

स्तनपानको प्रवर्द्धनः जीवनको पहिलो ६ महिना पूर्ण स्तनपान तथा २ वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपान जारी राख्दा मोटोपनको जोखिम कम हुन सक्छ ।

अभिभावकको भूमिकाः अभिभावकहरूले आफू पनि स्वस्थ एवं सक्रिय जीवनशैली अपनाउने र बच्चालाई पनि सिकाउने गर्नुपर्छ ।

विद्यालयको भूमिकाः विद्यालयहरूमा शारीरिक तथा स्वास्थ्य शिक्षामा विशेष जोड दिनुपर्छ ।

मोटोपनको उपचारमा मुख्य रूपमा जीवनशैली परिवर्तन आवश्यक हुन्छ र यो सामान्यतया बहु-आयामिक हुन्छः

आहार व्यवस्थापनः सन्तुलित भोजन, क्यालोरी नियन्त्रण, चिनी तथा बोसो कम गर्ने ।

शारीरिक गतिविधिः बच्चाको क्षमता र रुचि अनुरूप नियमित शारीरिक गतिविधि र व्यायाम, जस्तै- दौड, साइकल, पौडी, खेलकुद र नृत्य ।

व्यवहार परिवर्तनः परिवारको सहभागिता, स्वस्थ बानीको विकास र खानपानसम्बन्धी शिक्षा ।

चिकित्सकीय उपचारः गम्भीर अवस्थामा विशेषज्ञ चिकित्सकको सल्लाहमा औषधि वा अन्य उपचार, जस्तै- बेरियाट्रिक सर्जरी, हर्मोन थेरापी पनि आवश्यक हुन सक्छ ।

तसर्थ, बालबालिकामा हुने मोटोपन रोकथामका लागि गर्भावस्थादेखि नै स्वस्थ जीवनशैली, स्तनपान, सन्तुलित आहार, परिवारको राम्रो उदाहरण, नियमित शारीरिक गतिविधि, कम स्क्रिन समय र परिवार, विद्यालय, स्वास्थ्यकर्मी तथा समुदायको संयुक्त प्रयास आवश्यक हुन्छ ।

स्वास्थ्य खबरबाट

# नारायणीमा पानीको सतह अहिलेसम्मकै उच्च, दर्जनौँ बस्ती डुबानमा



नवलपुर। नारायणी नदीको बहाव उच्च भएपछि पुलमा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ। नदीमा पानीको सतह बढेपछि चितवन र नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जोड्ने पूर्वपश्चिम राजमार्गको नारायणी पुलमाथि ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ।

देवघाटस्थित जलमापन केन्द्रका अनुसार दिउँसो १:५० बजे नारायणीमा पाानीको सतह ११.९१ मिटर पुगेको थियो। बहाव बढ्ने क्रममा रहेको केन्द्रले जनाएको छ। केन्द्रमा ७.३ मिटर पानीको सतहलाई चेतावनीको तह र ९ मिटरलाई खतराको तह मानिन्छ।

पुलमा पूर्णरूपमा सवारीसाधन सञ्चालनमा रोक लगाइएकामा अहिले मोटरसाइकललाई मात्र छोडिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक अनिल पण्डितले बताए। पुल पुरानो भएको र अत्यधिक हल्लिएपछि सवारीसाधन पूर्ण रूपमा रोक लगाइएको उनले बताए।

सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्देश्यले पुलमाथि रोकिएर पैदलयात्रीलाई तस्विर, श्रव्यदृश्य सामग्री खिच्न रोक लगाइएको छ। नवलपुरबाट चितवनतर्फ जाने मोटरसाइकल बाहेकका सवारीसाधनलाई गैँडाकोटमा र नवलपुरतर्फ आउने सवारीसाधनलाई चितवनको नारायणघाटमा रोकिएको छ।

नदीमा पानीको बहाव घटेपछि सवारीसाधन पूर्णरूपमा सञ्चालन गर्न दिइने प्रहरी नायब उपरीक्षक पण्डितले बताए।

**पहिरोले ...**

**पाल्पामा पहिरोमा परी पाँच जनाको मृत्यु**

पाल्पा संवाददाता कृष्ण पोखरेलका अनुसार पहिरोमा परी पाँच जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईका अनुसार पहिरोमा परी बेपत्ता भएका माथागढी गाउँपालिका-३ कसेनी भैंसीकट्टाका ७५ वर्षीय लिलबहादुर घर्तीमगर, उनकी १७ वर्षीया छोरी दिना घर्ती र छिमेकी मोतीलाल घर्तीकी १५ वर्षीया छोरी झरना घर्तीको शव भेटिएको हो।

यसअघि पहिरोमा परी माथागढी गाउँपालिका-२ रुप्से रजौलीका ७५ वर्षीय शेरबहादुर चिदी र रिब्दीकोट गाउँपालिका-६ ठिमुरे धुस्तुङकी ५९ वर्षीया कृष्णकुमारी सारुको मृत्यु भएको थियो। चिदीलाई घाइते अवस्थामा उद्धार गरी जिल्ला अस्पताल पाल्पामा लगिएकामा चिकित्सककले मृत घोषणा गरेका थिए भने सारुको पहिरोमा पुरिएको अवस्थामा शव निकालिएको हो।

निरन्तरको वर्षासँगै आइतबार बिहान झरेको पहिरोले लिलबहादुर घर्तीमगरको घर पूर्ण रूपमा पुरिएको थियो। घरमा सुतिरहेका बेला पहिरोले पुरिँदा उनीहरू बेपत्ता भएका थिए। सुरक्षाकर्मी र स्थानीयवासीको प्रयासमा उद्धार टोलीले पहिरोबाट तीन जनाको शव निकालेको हो। मृत पाँचै जनाको पोष्टमार्टमका लागि जिल्ला अस्पताल पाल्पामा शव राखिएको प्रहरी नायब उपरीक्षक भट्टराईले जानकारी दिए।

यस्तै लगातारको वर्षापछि सप्तकोसी नदीमा पानीको सतह बढ्दा सप्तरीका विभिन्न बस्तीमा बाढी पसेको छ। बाढीका कारण हनुमाननगर कङ्कालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका करिब ५०० घर डुबानमा परेका छन् भने दुई हजारभन्दा बढी मानिस प्रभावित भएका छन्।

हनुमाननगर कङ्कालिनी नगरपालिका-५, ७, १२ र १३ का बस्तीमा बाढी पस्दा मात्रै ४८३ घर डुबानमा परेका छन्। यस्तै, तिलाठी कोइलाडी गाउँपालिका-४ र ५ मा १७ घर डुबानमा परेको स्थानीय प्रशासनले जनाएको छ। शुक्रबार रातिदेखि सप्तकोसी नदीमा पानीको बहाव बढेपछि बस्तीमा बाढी पसेको हनुमाननगर कङ्कालिनी नगरपालिकाका प्रमुख वीरेन्द्र माझीले जानकारी दिए।

बाढी प्रभावितका लागि तत्काल राहतस्वरूप बिहान र बेलुका दुई छाक खानाको व्यवस्था गरिएको उनले बताए। पानीको सतह केही घटेपछि प्रभावित परिवारको पहिचान गरी थप राहत सामग्री वितरण गरिने नगरपालिकाको तयारी छ। लगातारको वर्षा र नदीको जलस्तरमा भइरहेको उतारचढावका कारण सप्तरीका नदी तथा तटीय क्षेत्रमा जोखिम कायमै रहेकाले स्थानीयलाई सतर्क रहन आग्रह गरिएको छ।

**गैँडाकोटमा ...**

यहाँ रहेका करिब ४ सय जनामध्ये केही आफन्तको घर गएको र बाँकी ३ सय जनालाई विपद् व्यवस्थापन समितिको आवास हलमा राखिएको छ।

उनीहरुलाई उद्धार गरिए पनि राहत सामग्री भने पुऱ्याउन सकिएको छैन। सुस्ता गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यक्षका अनुसार विस्थापित भएर सुरक्षित स्थानमा स्थानान्तरण गरिएकाहरुलाई नारायणी नदी पारी राहत पुऱ्याउन कठिन भएको हो।

उनले भने -'सुस्तामा पुग्ने एक मात्र झलुङ्गेपुल नजिकको क्षेत्रमा बाढीले मानिस पैदल हिड्न बाहेक मिल्ने अवस्था नभएकोले राहत पुऱ्याउन सकिएन। उनीहरुलाई वारी ल्याउन खोजेको मानेनन्।'

उनका अनुसार केही महिना अघि भारतीय पक्षले बाँध लगाउन रोक लगाएको क्षेत्रबाट नारायणी नदीको बाढी सुस्ता परेको हो। गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायका अनुसार सुस्ताको केही अग्लो भागमा बनाइएको विपद व्यवस्थापन भवनको दुई तले भवनमा उनीहरुलाई राखिएको छ।

नारायणी नदीको चितवनमा रहेको देवघाट जलमापन केन्द्र र नवलपुरको त्रिवेणीमा रहेको गण्डक ब्यारेजको जलमापन केन्द्र दुवै स्थानमा नारायणी नदीमा पानीको सहत खतरा तह पुगेको देखाएको छ।

आइतबारसम्म भारी वर्षाको सम्भावना रहेकोले नारायणी नदीमा अझै पानीको सहत बढेर जाने देखिएको छ। नारायणी नदीमा पूर्वमा काठमाडौं, धादिङ्ग, गोर्खा, चितवनलगायतका क्षेत्रमा परेको पानी त्रिशुली नदी हुँदै र पश्चिममा पर्वत, स्याङजा, पाल्पा, तनहूँ र नवलपुर जिल्लाको कालीगण्डकी नदी हुँदै आएको पानी नारायणी नदीमा मिसिने गर्दछ।

त्यसका अलवा मनाङ, मुस्ताङ, रसुवा, कास्कीलगायतका क्षेत्रको पानी पनि नारायणी नदीमै मिसिने गर्दछ।

**मानवअधिकार...**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग पछिल्लो समय बारम्बार गरेको भेटवार्तालाई 'सरकारविरुद्ध चलखेल' भन्दै उनलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिइएको यस घटनाबारे जानकार स्रोतहरूले बताएका छन्।

संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी भई शनिबार दिउँसो स्वदेश फर्किएका प्रधानमन्त्री शाहले गृह र प्रहरीको उच्च तहलाई सुइँको समेत नदिई सिधै प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्कामार्फत् जबरालाई मध्यराति 'उठाउन लगाएको' सुरक्षा स्रोत बताउँछ।

'दुईतीन दिनदेखि उहाँको बारेमा प्रधानमन्त्रीको सचिवालयले सोधिखोजी गरिराखेको थियो। प्रधानमन्त्री फर्किनुभएपछि समातेको देखिन्छ। यसले उहाँको आदेश पर्खिरहेका रहेछन् भन्ने देखियो।' सुरक्षा स्रोत भन्छ।

प्रधानमन्त्री कार्यालयका अधिकारीहरूका अनुसार पनि पछिल्लो समय जबराका संदिग्ध गतिविधिमाथि सुरक्षा निगरानी बढाइएको थियो। 'उहाँले राजनीतिक र न्यायिक मामिलामा गम्भीर चासो राखेर संदिग्ध गतिविधि तीव्र पार्नुभएको थियो,' प्रधानमन्त्री कार्यालयका एक अधिकारी भन्छन्-'सरकारविरुद्धको रोडम्याप तयार पारेर दौडधुप गरिरहेको सूचना आइपुगेको थियो। त्यसमा सोधपुछ गर्नुपर्ने देखिएपछि नियन्त्रणमा लिनु परेको हो।'

विपक्षी दलहरूले दसैँ-तिहारपछि सरकारविरुद्ध सडक संघर्षको उद्घोष गरिरहेका बेला त्यसको 'रोडम्याप'मा जबराले काम गरिरहेको प्रधानमन्त्री कार्यालयका ती अधिकारीको दाबी छ। स्रोतहरूका अनुसार जबरासहितसँग बनेको सो रोडम्याप अनुसार नै एमाले अध्यक्ष ओलीले असोज (५-८) मा बसेको केन्द्रीय समिति बैठकमा संसद पुनर्स्थापनाको मुद्दा बनाएर सडक संघर्षको एजेन्डा पास गराएका हुन्।

यही असोज पहिलो साता सम्पन्न केन्द्रीय कमिटी बैठकमा पारित अध्यक्ष ओलीको 'पार्टी पुनर्निमाण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको नयाँ संकल्प' नामक प्रतिवेदनमा एमालेको पहिलो कार्यभार संसद् पुनर्स्थापना भएको उल्लेख छ। ओलीले पुनस्थापना गर्ने भनेको त्यो संसद जेनजी आन्दोलनपछि प्रधानमन्त्री बनेकी सुशीला कार्कीको सिफारिसमा विघटन भएको संसद हो।

'२०८२ भाद्र २३ र २४ गतेको हाम्रो राष्ट्रिय स्वाधीनताविरुद्ध रचिएका अराजनीतिक र अपराधिक वितण्डा, त्यसपछि असंवैधानिक र संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति, अवैध सिफारिसमा असंवैधानिक ढङ्गले भएको प्रतिनिधि सभाको विघटन, त्यसपछिका त्यसै उद्देश्यको निरन्तरताका घटनाहरू र त्यस उद्देश्यलाई अघि बढाउन र ती तमाम प्रक्रियाहरूलाई वैधता दिन रचना गरिएको आम निर्वाचन यथार्थमा प्रतिगमनका सिलसिलाहरू हुन्,' ओलीको प्रतिवेदनमा भनिएको छ।

प्रतिनिधिसभाको असंवैधानिक विघटनविरुद्ध र विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दै आफूहरूले सर्वोच्च अदालतमा दिएको मुद्दा अहिले पनि विचाराधीन अवस्थामा नै रहेको ओलीको प्रतिवेदमा उल्लेख छ।

'हामी न्यायको प्रतीक्षामा छौँ र न्याय विलम्ब भइरहेको छ। यो लोकतन्त्र, संविधान, विधिको शासन र जनतामा सार्वभौम सत्ता रहने यथार्थ शान्तिका स्रोत जनता हुन् भन्ने अत्यन्तै महत्वपूर्ण सारतत्व बोकेको मुद्दा भएकाले यसको अविलम्ब फैसला हुनु पर्दछ। लोकतन्त्र र संविधानले हार्नु हुँदैन। लोकतन्त्रको वापसीका लागि हामीले आफूलाई निर्णायक आन्दोलनका लागि तयारी अवस्थामा राख्न पर्दछ।'- ओलीको भनाइ छ।

यसका लागि पार्टीमा सुदृढ आन्तरिक एकता चाहिने भन्दै न्याय सजिलोसँग नपाए 'जनबलमा न्याय स्थापना गरिनुपर्ने' ओलीको जोड छ। 'यसका निम्ति हामीले पहिलो त आफूलाई तयार पार्नु पर्दछ। दोस्रोमा यस महान् र पवित्र राष्ट्रिय उद्देश्यमा मिल्ने, मिल्न सकिने सबै शक्ति समूह र व्यक्तिहरूसँग सहकार्य गर्दै आन्दोलनमा अघि बढ्नु पर्दछ। हाम्रो काँधमा रहेको आजको पहिलो र सबभन्दा महत्वपूर्ण कार्यभार यही हो। एमालेले यही भाषा बोल्नुपर्छ।'- प्रतिवेदनमा भनिएको छ।

जबरासँग बारम्बार भेटवार्तापछि ओलीले संसद् पुनर्स्थापनाको मुद्दा पार्टीको एजेन्डा बनाएको एमालेका नेताहरू पनि स्वीकार्छन्। गत फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भई बालेन शाहको नेतृत्वमा सरकार बनेकै ६ महिना भइसकेकाले सर्वोच्च अदालतबाट संसद् पुनर्स्थापनाको फैसला आउने सम्भावना शून्यप्रायः छ। तर पनि ओली यही एजेण्डामा लाग्नुको कारण राजनीतिक नेताहरूले समेत पहिल्याउन सकेका छैनन्। ओलीको 'संसद पुनस्थापना' प्रस्तावविरुद्ध एमालेको बैठकमै अधिकांश नेताले बोलेका थिए।

सुरक्षा स्रोतका अनुसार छठ पर्वपछि मधेसमा आन्दोलन गर्ने योजनाका पछाडि पनि जबरा कनेक्सन देखिन्छ।

मधेसवादी नेताहरू उपेन्द्र यादव, सीके राउत, प्रभु साह लगायतले दसैँपछि मधेसमा आन्दोलनको रणनीति बनाइराखेको अवस्था छ। संविधान संशोधन, समावेशिता र जनजीविकाका सवालहरूलाई लिएर छठ पर्वपछि मधेसमा सशक्त सडक आन्दोलन गर्ने उनीहरूले घोषणा छन्।

'आन्दोलनबाट वर्तमान सरकार र संसद् अपदस्थ पारेर अन्तरिम सरकारको नेतृत्व लिने महत्वकांक्षा उहाँमा देखिन्छ। त्यसका लागि उहाँले विभिन्न समूह र व्यक्तिसँग संदिग्ध भेटवार्ता गरिराख्नु भएको पाइयो। अदालतका मुद्दामा पनि चासो राखेको गुनासो आएको थियो।'- प्रधानमन्त्री कार्यालयका ती अधिकारीले भने।

गत जेठ ५ मा डा.मनोजकुमार शर्मा प्रधानन्यायाधीश बनेपछि महाराजगञ्जस्थित निवासबाट राजनीतिक एवं न्यायिक चलखेल गरेको आरोप जबरामाथि छ। शर्मालाई प्रधानन्यायाधीश बनाउन भूमिका खेलेको बताउँदै आएका जबराले न्यायिक मामिलामा हस्तक्षेप बढाएको प्रधानमन्त्रीको सचिवालयका अधिकारीहरू बताउँछन्।

एक जना बहालावाला न्यायाधीशले जबराको पक्राउ ओलीसँगको साँठगाँठ र न्यायिक मामिलामा देखाएको चासोसँग सम्बन्धित रहेको नेपालखबरलाई बताए।

'पछिल्लो समय केही मुद्दाका सरोकारवालासँग उहाँले भेटघाट गरेर सहजीकरण गरिदिएको भन्ने सूचना सर्वोच्चसम्म पुगेको थियो,' ती न्यायाधीशले भने-'त्यो कुरा प्रधानमन्त्री कार्यालय पनि पुग्यो होला। उहाँमाथि उठेका यी विषयलाई मुद्दा बनाएर कारबाही गर्न सक्ने अवस्था भने थिएन। सचेत गराउन मध्यराति उठाइएको हो कि जस्तो छ।'

राजनीतिक महत्वाकांक्षा र अदालती कामकारबाहीमाथि अस्वाभाविक चासो बढाएपछि प्रहरी लगाएर प्रधानमन्त्रीले तर्साएको उनको बुझाइ छ।


## जन विकास कृषि सहकारी संस्था लि.

तिलोत्तमा न.पा. -१५ कोटिहवा, रूपन्देही

### पुनः दरखास्त आह्वान सम्बन्धी सूचना।

मितिः- २०८३/०६/०१२

यस संस्थामा सहायक व्यवस्थापक पदमा १ (एक) जना कर्मचारी नियुक्तिका लागि यसअघि प्रकाशित गरिएको विज्ञापनमा पर्याप्त संख्यामा दरखास्त प्राप्त हुन नसकेको हुँदा इच्छुक योग्य उम्मेदवारहरूलाई थप अवसर प्रदान गर्ने उद्देश्यले पुनः ७ (सात) दिनको म्याद थप गरी दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पदः सहायक व्यवस्थापक १ जना**

**न्यूनतम योग्यताः**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा कम्तिमा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्ने।
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने।
- कम्प्युटर सम्बन्धी आधारभूत तथा कार्यालय सञ्चालनसम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्ने।
- नेपाली तथा अंग्रेजीटाइपिङमा राम्रो दक्षता भएको हुनुपर्ने।
- MS Word, Excel, Email/Internet लगायतका सामान्य कार्यालयीय सफ्टवेयर चलाउन सक्ने।
- सहकारी संस्थाको लेखा तथा प्रशासनिक कार्यसम्बन्धी सामान्य ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ।
- कार्यालयमा आवश्यक पर्ने पत्राचार, प्रतिवेदन, अभिलेख व्यवस्थापन तथा डाटा इन्ट्रीसम्बन्धी कार्यसहित संस्थाको हरेक कार्य गर्नु पर्ने छ।
- स्कुटर तथा मोटरसाइकल चलाउने चालक अनुमति पत्र (Driving Licence) प्राप्त गरेको हुनुपर्ने।

• **आवश्यक कागजातः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. व्यक्तिगत विवरण (Bio-data/CV)
४. अनुभवको प्रमाणपत्र भए सोको प्रतिलिपि
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो - २ प्रति

**छनोट प्रक्रियाः** लिखित, प्रयोगात्मक परीक्षा/टाइपिङ परीक्षण र अन्तर्वार्ताका आधारमा योग्य उम्मेदवार छनोट गरिनेछ।
**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र।
**परीक्षा मितिः** दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट प्रकाशन गरिनेछ।
**आवेदन शुल्कः** रु. ५००।०० फिर्ता नहुने गरी।
**पारिश्रमिक तथा सुविधाः** तलब तथा अन्य सुविधा आपसी सहमतिमा निर्धारण गरिनेछ।
**दरखास्त बुझाउने स्थानः** जनविकास कृषि सहकारी संस्था लि.।
**नोटः** यसअघि दरखास्त पेश गरिसकेका उम्मेदवारहरूले पुनः दरखास्त दिनुपर्ने छैन। यसअघि प्राप्त दरखास्तहरूलाई समेत यसै प्रक्रियामा समावेश गरिनेछ।

**कर्मचारी व्यवस्थापन उप-समिति**
**सम्पर्कः** ०७१-५१४१२८, ९८५७०७०००३, ९७४३४२७३१०



## Rurukshetra Rural Municipality

### Office of The Rural Municipal Executive

Ghiubensi, Gulmi
Lumbini Province, Nepal

### Invitation for Hard Copy Bids

Date of Publication: 28th September, 2026(2083/06/12)

**Office of Rurukshetra Rural Municipality, Ghiubensi,Gulmi** invites only electronic bids for the following goods under Sealed Hard CopyQuotation(SQ).

| S. No | Contract No./IFB No. | Name of the Project& Location | Price of bid Document NRs | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid /Bid Security Validity Period | Bid Security NRs |
|---|---|---|---|---|---|---|---|
| 1. | ORRM-G-SQ-02-083/84 | Procurement of Veterinary Medicines | 1,000/- | 5th October, 2026 (2083/06/19) Before 12:00 hrs | 5th October, 2026 (2083/06/19)At 13:00 hrs | 45/75 days | 18,000/- |
| 2. | ORRM-G-SQ-03-083/84 | Purchase of Agricultural Pesticides & Items | 1,000/- | 5th October, 2026 (2083/06/19) Before 12:00 hrs | 5th October, 2026 (2083/06/19)At 13:00 hrs | 45/75 days | 17,000/- |

1. Bidders may download the bidding document for **hard copy** submission from website www.rurumun.gov.np
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(Rajaswa Shrishak No): 14249 (Aanya Dastur)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the propriet or of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves
   the right to accept or reject,wholly or partly any or all the bids without assigning reason, whats oever.
   Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit website www.rurumun.gov.np.

**Chief Administrative Officer**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# कांग्रेस रूपन्देहीमा वडा र पालिकाबाट ४२ सय ६ जना क्षेत्रीय प्रतिनिधि चुनिए






भैरहवा । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत रुपन्देही जिल्लामा वडा तथा पालिका तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । केन्द्रद्वारा खटाइएका प्रतिनिधि र जिल्ला नेतृत्वको समन्वयमा सम्पन्न निर्वाचन प्रक्रियाअन्तर्गत जिल्लाका कूल १५५ वटा वडाहरू र १६ वटा पालिकाहरूमा नयाँ नेतृत्व चयन कार्य पूरा भएको हो ।

गत असोज ४ गते १५२ वटा वडाहरूमा एकैसाथ निर्वाचन सम्पन्न भएको थियो भने विविध कारणले रोकिएका बाँकी ३ वटा वडाहरूमा असोज ६ गते मतदान प्रक्रिया पूरा गरी १५५ वटै वडाको निर्वाचन सम्पन्न गरिएको थियो । त्यसैगरी असोज ७ र ८ गते गरी दुई दिनमा जिल्लाका सबै १६ वटा पालिकाहरूको निर्वाचन समेत सम्पन्न भइसकेको निर्वाचन समितिका संयोजक रामचन्द्र गौतमले जानकारी दिए ।

प्राप्त अन्तिम परिणामअनुसार रुपन्देहीका १५५ वटा वडाहरूमध्ये १३१ वटा वडामा सर्वसम्मत अर्थात् निर्विरोध नेतृत्व चयन भएको छ भने बाँकी २४ वटा वडाहरूमा प्रतिस्पर्धात्मक चुनावी प्रक्रियामार्फत् नेतृत्व छानिएको छ । वडा तहको निर्वाचनबाट समग्र रुपन्देही जिल्लाभरिबाट कूल ४,२०६ जना क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित भएका छन् ।

समावेशी क्लस्टर अनुसार क्षेत्रीय प्रतिनिधिहरूमा ९८४ जना महिला, १८१ जना दलित, २४३ जना युवा, १४७ जना अपाङ्गता भएका व्यक्ति, १५५ जना श्रमिक, ७८ जना मुस्लिम, १८४ जना आदिवासी जनजाति, १५१ जना अल्पसंख्यक र २७८ जना मधेसी समुदायका प्रतिनिधिहरू रहेका छन् । त्यसैगरी पालिका तहको निर्वाचनमा १६ वटा पालिकाहरूमध्ये ७ वटा पालिकामा सर्वसम्मत रूपमा निर्विरोध नेतृत्व चयन भएको छ भने ९ वटा पालिकाहरूमा चुनावी प्रतिस्पर्धाबाट नेतृत्व चुनिएको छ ।

क्षेत्रगत रूपमा हेर्दा क्षेत्र नम्बर १ को 'क' बाट ४४६ र 'ख' बाट ४२० गरी जम्मा ८६६ जना, क्षेत्र नम्बर २ को 'क' बाट ४०० र 'ख' बाट ४५५ गरी जम्मा ८५५ जना, क्षेत्र नम्बर ३ को 'क' बाट ४५६ र 'ख' बाट ४८० गरी जम्मा ९०६ जना, क्षेत्र नम्बर ४ को 'क' बाट ४२० र 'ख' बाट ३९८ गरी जम्मा ८१८ जना तथा क्षेत्र नम्बर ५ को 'क' बाट ४०९ र 'ख' बाट ३५२ गरी जम्मा ७६१ जना क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित भएका छन् । अब हुने प्रदेशसभा क्षेत्रीय कमिटी क र ख तथा प्रतिनिधिसभा क्षेत्रीय निर्वाचनको लागि केन्द्रीय निर्वाचन समितिको निर्देशन र तालिका अनुसार आवश्यक तयारी पूरा भइसकेको निर्वाचन समितिका संयोजक गौतमले जानकारी दिए ।

प्रतिकूल मौसम र निरन्तरको वर्षाका कारण पूर्व निर्धारित असोज १० गतेको तालिकामा केही संशोधन गरी असोज ११ गते प्रदेश स्तरीय क्षेत्र क र ख को तथा असोज १३ गते प्रतिनिधिसभा क्षेत्रको निर्वाचन गर्ने निर्णय गरिएको छ । वर्षा र मौसमको अनुकूलता-प्रतिकूलतालाई हेरेर आवश्यकता अनुसार थप निर्णय गरी तुरुन्त जानकारी गराइने भएता पनि निर्वाचन टोली, जिल्ला कार्यसमिति र पार्टी नेतृत्व पूर्णरूपमा तयारी अवस्थामा रहेको छ । यस पटकको वडा तथा पालिका तहको निर्वाचनमा युवा पुस्ताको उत्साहजनक सहभागिता र आकर्षण देखिएकाले पार्टीमा नयाँ ऊर्जा थपिएको छ ।

**१६ वटै स्थानीय तहमा अधिवेशन सम्पन्न**

नेपाली काँग्रेसको १५औँ महाधिवेशनअन्तर्गत रुपन्देहीका १६ वटै स्थानीय तहमा अधिवेशन सम्पन्न भएको छ । जिल्लाका १५ पालिकामा बुधबार र शुद्धोधन गाउँपालिकामा बिहीबार अधिवेशन सम्पन्न भएको निर्वाचन सहायक अधिकृत माधवप्रसाद घिमिरेले जानकारी दिए ।

घिमिरेका अनुसार अधिवेशनबाट बुटवल उप-महानगरपालिकाको सभापतिमा ज्योति भण्डारी, तिलोत्तमा नगरपालिकामा नारायण ढकाल, सिद्धार्थनगर नगरपालिकामा देवराज न्यौपाने, सैनामैना नगरपालिकामा विमल ज्ञवाली, देवदह नगरपालिकामा अमर लामिछाने र लुम्बिनी साँस्कृतिक नगरपालिकामा वीरेन्द्रबहादुर त्रिपाठी नेपाली काँग्रेसको सभापति पदमा निर्वाचित भएका छन् ।

त्यस्तै गाउँपालिकातर्फ कञ्चनमा टेकबहादुर गुरुङ, ओमसतियामा अखिलेश्वर पाण्डे मायादेवीमा अकलेस यादव, कोटहीमाईमा राजेन्द्रप्रसाद यादव, गैंडहवामा योगेन्द्रप्रसाद चौधरी, रोहिणीमा अकवाल खाँ, सियारीमा सूर्यनारायण यादव ,मर्चवारीमा जनार्दन यादव, सम्मरीमाईमा नागेन्द्र सिंह र शुद्धोदनमा दामोदर पौडेल निर्वाचित भएका छन् ।

नेपाली काँग्रेस रुपन्देही १५औँ अधिवेशन निर्वाचन समितिका यसअघि असोज ४ गते रुपन्देहीका १५५ वडामा निर्वाचन सम्पन्न भई वडा सभापति चयन भई सकेका छन् । पालिका अधिवेशनसँगै रुपन्देही काँग्रेसको स्थानीय तहमा नयाँ नेतृत्व चयन भएको छ । अब वडा अधिवेशनबाट निर्वाचित भएका वडा सभापति र क्षेत्रीय प्रतिनिधिहरूले प्रदेश निर्वाचन कार्यसमिति चयन गर्नेछन्, उक्त समितिले क्षेत्रीय समिति र महाधिवेशन प्रतिनिधि चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाउने छ ।

## प्यानलसहितको उम्मेदवारी घोषणा

भैरहवा । खराब मौसम तथा भारी वर्षाको सम्भावनाका कारण नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत रुपन्देही जिल्लामा तय गरिएका निर्वाचन कार्यक्रमहरूको मिति परिवर्तन गरिएको छ । जिल्ला निर्वाचन समिति, रुपन्देहीले पूर्व निर्धारित निर्वाचन कार्यक्रमहरू स्थगन गरी नयाँ मिति तय गरिएको जानकारी गराएको हो ।

निर्वाचन अधिकृत अधिवक्ता रामचन्द्र गौतमका अनुसार यसअघि असोज ११ गतेका लागि तय गरिएको निर्वाचन कार्यक्रम जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा जारी पूर्वानुमान अनुसार देशभर भारी वर्षा भई जनजीवन प्रभावित हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर सारिएको हो ।

नयाँ तालिकाअनुसार प्रदेशसभा क्षेत्रीय अधिवेशन २०८३ असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन २०८३ असोज १४ गते हुने छ । जिल्ला निर्वाचन समितिले नयाँ कार्यतालिका अनुसार अधिवेशन सम्पन्न गर्न सम्बन्धित सबै क्षेत्रीय सभापति तथा प्रतिनिधिहरूलाई जानकारी गराएको निर्वाचन समितिका संयोजक रामचन्द्र गौतमले जानकारी दिए ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत हुने रुपन्देही निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत प्रदेशसभा क्षेत्र (क) को अधिवेशनका लागि लेखनाथ भट्टराई र महेन्द्रकुमार श्रेष्ठको नेतृत्वमा प्यानल घोषणा गरिएको छ ।

भरत शाह निकटको समूहबाट सभापतिका लागि लेखनाथ भट्टराई, उप सभापतिमा यमबहादुर थापा (माइला) सचिवम दिपक श्रेष्ठ, सहसचिव खुल्लातर्फ डिल्लिराज अधिकारी र महिलातर्फ अर्पिता बिक उम्मेदवार रहेका छन् ।

सभापतिका उम्मेदवार भट्टराई वर्तमान क्षेत्रीय सचिव, उप-सभापति वर्तमान प्रदेश सचिव, सचिव श्रेष्ठ होलिसिटी सहकारीलगायत विभिन्न संघ सस्थामा सफल नेतृत्व गरेका पूर्व जनप्रतिनिधिसमेत रहेका छन् । त्यस्तै सह-सचिव अधिकारी वर्तमान प्रदेश कार्य समिति सदस्य र महिला सह-सचिव बिक जनप्रतिनिधिको साथै महिला तथा दलित अधिकारकर्मी हुन् ।

यस्तै बालकृष्ण खाँण निकटको समूहबाट सभापतिका लागि महेन्द्रकुमार श्रेष्ठको नेतृत्वमा प्यानल घोषणा गरी उम्मेदवारी दाबी गरिएको छ । नेपाली कांग्रेसको महाधिवेशनअन्तर्गत प्रदेशसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३ (क) का घोषित प्यानलअनुसार सभापति पदका उम्मेदवार महेन्द्रकुमार श्रेष्ठ छन् भने उप-सभापतिमा सुनिलराज श्रेष्ठ र सचिवमा होमलाल पौडेल छन् । त्यसैगरी, सह-सचिव पदका लागि महिलातर्फ बिनिता श्रेष्ठ तथा खुल्लातर्फ गोकुल श्रेष्ठ र गोकुल यादव रहेका छन् । कोषाध्यक्ष पदको हकमा भने निर्वाचित सदस्यहरू मध्यबाट मनोनित गरिने जानकारी गराइएको छ ।

# नेपाललाई ३ अर्ब ८३ करोड सहयोग गर्ने यूएईको प्रतिबद्धता



बुटवल । परराष्ट्रमन्त्री शिशिर खनालले संयुक्त अरब इमिरेट्स (यूएई)का उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानसँग भेटवार्ता गरेका छन् ।

संयुक्त राष्ट्रसंघको ८१औँ महासभाका क्रममा शनिबार न्युयोर्कस्थित यूएईको संयुक्त राष्ट्रसंघीय स्थायी नियोगमा दुई मन्त्रीबीच भेटवार्ता भएको हो ।

भेटमा मन्त्री खनालले नेपालमा जलवायुजन्य विनाशकारी बाढीबाट प्रभावित समुदायप्रति यूएई सरकार र जनताले व्यक्त गरेको ऐक्यबद्धता तथा सहानुभूतिप्रति नेपाल सरकार र नेपाली जनताका तर्फबाट धन्यवाद तथा आभार व्यक्त गरेका छन् ।

बाढी प्रभावित समुदायका लागि यूएईले उपलब्ध गराएको महत्वपूर्ण मानवीय सहयोगका लागि पनि परराष्ट्रमन्त्री खनालले धन्यवाद दिएका छन् ।

साथै, यूएईले हालै बाढी प्रभावितका लागि थप २५ मिलियन अमेरिकी डलर (करिब ३ अर्ब ८३ करोड रुपैयाँ) आर्थिक सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएकोमा पनि खनालले आभार व्यक्त गरेका छन् ।

भेटमा नेपाल-यूएई द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको थियो ।

दुई मन्त्रीबिच श्रम, व्यापार, लगानी, पर्यटन, नवीकरणीय ऊर्जा, कनेक्टिभिटी तथा संयुक्त राष्ट्रसंघअन्तर्गत बहुपक्षीय सहकार्यलगायत विषयमा विचारविमर्श भएको बताइएको छ ।

# नारायणगढ-मुग्लिन सडक सञ्चालनमा



बुटवल । नारायणगढ-मुग्लिन सडकखण्ड सञ्चालनमा आएको छ । अविरल वर्षाका कारण नाम्सीखोला पुलमा थुप्रिएको लेदोसहितको पहिरो हटाएसँगै पोखरातर्फ जाने सवारी तथा ढुवानीका साधन चल्न थालेका हुन् ।

सडक डिभिजन कार्यालय चितवनका अनुसार बिहान ७:५५ बजे सो खोलामा लेदोसहितको पहिरो खसेको थियो । कार्यालयका सूचना अधिकारी इञ्जिनियर कृष्ण आचार्यका अनुसार दिउँसो १२:१५ बजेको समयमा सडक सञ्चालनमा आएको हो । योसँगै पोखराबाट नारायणगढतर्फ आउने र नारायणगढबाट पोखरातर्फ जाने सवारी तथा ढुवानीका साधन गन्तव्यतर्फ आवतजावत गरिरहेका छन् ।

लगातारको वर्षाले गर्दा पृथ्वी राजमार्गको मलेखु-मुग्लिन सडकखण्डका विभिन्न ११ स्थानमा पहिरो झरी सडक अवरुद्ध भएको छ । नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिमखण्डका सूचना अधिकारी इञ्जिनियर सचिन्द्र मिश्रका अनुसार यस सडक खण्डको शीलतबजारमा लेदो र रुखसहितको पहिरो खसेको छ भने सडक छेउ भासिएको छ । बेनिघाट बजार नजिकको गोमती खोलामा लेदोसहितको पहिरोका कारण सडक एकतर्फी सञ्चालनमा आएको छ । कृष्णभीर माथिबाट लेदोसहितको पहिरो खसेर सडक अवरुद्ध भएको छ ।

सूचना अधिकारी मिश्रका अनुसार ज्यामिरेघाट चौकीभीरमा ढुङ्गा र लेदोसहितको पहिरो खस्दा सडक अवरुद्ध भएको छ भने हुग्दी खोलादेखि जवाङ्खोलासम्मको क्षेत्रमा ठाउँठाउँमा ढुङ्गासहितको साना पहिरा खसेको छ ।

# जडीबुटी संकलन गर्न पुगेका एकको मृत्यु, ९ जना सम्पर्कविहीन



बुटवल । हुम्लाको चंखेली गाउँपालिका-२ स्थित बागेढुंगा सामुदायिक वनमा कटुको जडीबुटी संकलन गरिरहेका मुगुका स्थानीयमध्ये एक जनाको मृत्यु भएको छ भने नौ जना सम्पर्कविहीन भएका छन् ।

मुगुको मुगुम कार्मारोङ गाउँपालिका-९ पापु र छाइलबाट कटुको संकलनका लागि हुम्ला पुगेका २२ वर्षीय गणेश बुढाको हिउँमा परेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख डीएसपी रविराज थपलियाले जानकारी दिए । उनका अनुसार भदौ २८ गते १३ जना स्थानीय कटुको संकलनका लागि बागेढुंगा सामुदायिक वन पुगेका थिए । उनीहरू त्यहाँ जडीबुटी संकलन गरिरहेका बेला सामुदायिक वन उपभोक्ता समितिले कटुको संकलन गर्न नदिएपछि फर्किएका थिए ।

फर्कने क्रममा घुँडासम्म हिउँ जमेको क्षेत्रमा बुढाको मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पापुका २८ वर्षीय बलबहादुर बुढा, २७ वर्षीय प्रकाश बुढा, ३६ वर्षीय ललितजंग बढुवाल, ३५ वर्षीय जयबहादुर बढुवाल र २६ वर्षीय अेखबहादुर रोकाय सम्पर्कविहीन छन् ।

त्यस्तै छाइलका ३६ वर्षीय जयबहादुर रोकाय, ४२ वर्षीय वीरबहादुर ऐडी, २३ वर्षीय प्रेम रोकाय र १९ वर्षीय पवन रोकाय पनि सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ । स्थानीयवासी शेरबहादुर बुढाका अनुसार पापुका ३६ वर्षीय बच्चा बुढा, ३४ वर्षीय प्रिय बुढा र १६ वर्षीय सर्जन बुढा भने सम्पर्कमा आएका छन् ।

स्थानीयका अनुसार मुगुको पाटन क्षेत्रमा जडीबुटी संकलन गरिरहेका उनीहरू हुम्लाको सीमाक्षेत्रमा पुगेपछि दुई समूहबीच विवाद तथा झडप भएको थियो । असोज १० गते झडप भएको बताइएको छ । मुगुतर्फबाट कटुको संकलन गरिरहेको टोलीलाई हुम्लातर्फको सामुदायिक वन समूहका मानिसले लखेटेको आरोप मुगुका स्थानीयले लगाएका छन् । घटनाबारे जानकारी पाएलगत्तै मुगु र हुम्लातर्फबाट प्रहरी परिचालन गरिएको डीएसपी थपलियाले बताए । उनका अनुसार घटनास्थल उच्च हिमाली क्षेत्रमा पर्ने र भारी हिमपात भइरहेकाले उद्धार तथा खोजीमा कठिनाइ भएको छ ।

'अग्लो हिमाल काटेर आउनुपर्ने र हिउँ धेरै भएकाले सम्पर्क हुन सकेको छैन,' उनले भने- 'हिउँबाट भाग्ने क्रममा एक जनाको मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुमान छ ।' मिनी क्षेत्र हुम्ला र मुगु दुवै जिल्लाको सीमाक्षेत्रमा पर्ने भएकाले घटनाको वास्तविक अवस्था बुझ्न दुवैतर्फका सुरक्षा निकायले खोजी तथा अनुसन्धान अघि बढाएका छन् ।

सम्पर्कविहीनहरूको खोजीका लागि प्रहरी टोली परिचालन गरिएको प्रहरीले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्भनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com